दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईंको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

वर्ष ३७ | अंक ६९ | बुटवल | २०८१ फागुन २०, गते मंगलबार | नेपाल संवत ११४५ | Tuesday Mar. 04, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

## कम्युनिस्ट आन्दोलनलाई एकताबद्ध गर्न प्रधानमन्त्रीलाई सुझाव



बुटवल । पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले कम्युनिस्ट आन्दोलनलाई पुनः एकताबद्ध गर्न प्रधानमन्त्री केपी शर्मा ओलीलाई सुझाव दिएकी छन् ।

सोमबार'केपी शर्मा ओलीः सपना, संघर्ष र संकल्प' नाम पुस्तक लोकार्पण समारोहलाई सम्बोधन गर्दै उनले यसअघि पनि कम्युनिस्ट आन्दोलनलाई एकताबद्ध बनाउन प्रधानमन्त्री ओलीले खेलेको भूमिका महत्त्वपूर्ण रहेको बताएकी हुन् ।

कम्युनिस्ट आन्दोलनमा उत्पन्न हुने गुट र फुटलाई परास्त गरेर पार्टीलाई सुदृढ बनाउन ओलीले महत्वपूर्ण भूमिका खेलेको भण्डारीको भनाइ छ ।

'राजनीतिक दलहरूले जस्तोसुकै कठिन परिस्थितिमा पनि लोकतान्त्रिक मूल्य, मान्यता र आदर्शलाई गहिरोसँग आत्मसात् गर्नुपर्छ । बहुलवाद र बहुदलीय प्रतिस्पर्धालाई उच्च प्राथमिकता दिएर राजनीतिक श्रेष्ठताबाट नै सरकारको नेतृत्वमा पुग्ने र सामाजिक आर्थिक रूपान्तरण गर्ने लक्ष्य लिएको एमालेलाई कुनै पनि राजनीतिक घटना तथा परिघटनाले विचलित तुल्याउन सक्दैन ।'- उनले भनिन् ।

उनले विगतका कम्युनिस्ट आन्दोलनलाई ओलीले ऐतिहासिक भूमिका निर्वाह गरेको र आगामी दिनमा थप योगदान दिने विश्वास रहेको पनि बताइन् ।

'भविष्यमा समेत यस किसिमका रचनात्मक पहलकदमी र अग्रसरता कायम राख्दै नेपाली कम्युनिष्ट आन्दोलनलाई थप एकताबद्ध बनाएर सफलताको अर्को सिँढी उकाल्न उहाँबाट ठूलो योगदान पुग्ने नै छ ।'- उनले भनिन् ।

## सबैभन्दा ठूलो आवश्यक कुरा सुशासन : बालेन



बुटवल । काठमाडौं महानगरपालिकाका मेयर बालेन शाहले सुशासनका लागि जो सुकैसँग पनि जुध्न आफू तयार रहेको बताएका छन् । वर्तमान सरकारले विभिन्न विषयमा भ्रम छरिरहेको उल्लेख गर्दै उनले बुँदागत रूपमा त्यसको खण्डन समेत गरेका छन् ।

प्रधानमन्त्री समेत रहेका नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीलाई सम्बोधन गर्दै उनले हामी तपाईंका दुश्मम होइनौं, विकासको साझेदार हौं भनेका छन् ।

उनले महानगरलाई जतिसुकै नाकाबन्दी लगाए पनि आफ्ना नियतमा फरक नपर्ने पनि बताएका छन् ।

'प्रधानमन्त्री केपी ओलीज्यू, हामी तपाईंका दुश्मन होइनौँ, विकासका साझेदार हौँ । हामीले गरे जति विकासका सबै काम पनि तपाईंकै कार्यकालमा भएका हुन् भनिदिउँला,' मेयर बालेनले भनेका छन्-'तर त्यसो भन्दा पत्याउने बनाउन आग्रह, पूर्वाग्रहबाट मुक्त भएर विकासमा साझेदारी गरि त्यो दाबी गर्न सक्ने ल्याकत बनाउने जिम्मा तपाईंकै हो । अनि जति भ्रम फैलाए पनि, हामी तपाईंको भ्रष्ट कार्यकर्तासँग झुक्दैनौँ ।'

उनले आफू सुशासनका लागि कुनै सम्झौता नगर्ने पनि बताएका छन् ।

'महानगरलाई जतिसुकै नाकाबन्दी लगाउनुहोस्, नियतमा फरक पर्दैन । अहिलेका लागि देशमा आवश्यक सबैभन्दा ठूलो कुरा सुशासन हो । भ्रष्टहरूविरुद्धको लडाइँ हो,' मेयर बालेनले भनेका छन्-'सुशासनका लागि जोसँग जुध्नु परे तयार छु, तर सम्झौता गर्दिन । सुशासन कायम गरेरै छोड्छु ।'

## यथास्थितिमा अध्यादेश पारित नहुने भयो : कांग्रेस नेता

बुटवल । नेपाली कांग्रेसका केन्द्रीय सदस्य मीन विश्वकर्माले यथास्थितिमा सरकारले ल्याएको अध्यादेश पारित हुने अवस्था नरहेको बताएका छन् । बुटवलमा पत्रकारसँग बोल्दै उनले सरकारले अध्यादेश ल्याउने अवस्थामा कांग्रेससँग छलफल गरे पनि संसदमा लैजाँदा पार्टीहरूबिचमा असन्तुष्टि आउँदा पारित हुने अवस्था सिर्जना नभएको उल्लेख गरे । 'अध्यादेश ल्याउने विषयमा प्रधानमन्त्रीले नेपाली कांग्रेसका मन्त्रीहरूसँग छलफल त गर्नुभएको थियो, तर अहिले संसदमा लैजाने विषयमा सर्वसहमत हुने अवस्था देखिएको छैन्, यथास्थितिमा हुवहु पारित हुने अवस्था छैन,' उनले भने-'सरकारले अध्यादेश जारी गर्ने संवैधानिक अधिकार भए पनि आवश्यकता महशुस फरक ढंगले भएको बताउँदै यदि हुवहु पारित नभए प्रतिस्थापन विधेयकमार्फत् संसदीय प्रकृयामा जाने र पारित हुने छ ।'

उनले कांग्रेससहितका दलहरूका प्रश्नको जवाफ नआउँदै संसदमा टेबुल हुने अवस्था नरेहेको बताउँदै तत्काल पास हुने अवस्था नभएको बताए ।

» बाँकी ३ पेजमा

# बहुमत आउँदैन, धेरै सीट जित्ने गरी लागौं : देउवा



**मोहम्मद हबिब**

*भैरहवा*

नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले आगामी निर्वाचनमा पनि पार्टीले बहुमत नल्याउने भन्दै धेरै सीट जित्ने गरी तयारी गर्न नेता कार्यकर्तालाई निर्देशन दिएका छन् ।

सोमबारबाट भैरहवामा सुरु भएको प्रतिनिधिसभा क्षेत्रीय सभापति तथा क्षेत्रीय प्रशिक्षण शाखा प्रमुखको प्रशिक्षण तथा अभिमुखीकरण कार्यक्रमको उद्घाटन गर्दै सभापति देउवाले बहुमत ल्याउन नसक्ने प्रष्ट पार्दै यसअधिको भन्दा धेरै सिट जित्ने गरी चुनावको तयारीमा लाग्न निर्देशन दिएका हुन् । देउवाले कांग्रेसलाई जीवन्त पार्टीको रूपमा अगाडि बढाउनु पर्ने पनि बताए । पार्टीमा नमिलेका कुरा संवादको माध्यमबाट टुंग्याउनुपर्ने उनको भनाइ थियो । 'हाम्रोबिचमा मतभेद हुन सक्छन् । कति कुरा नमिलेका हुन सक्छन् । सबै कुरा आपसमा छलफल गरेर कुराकानी गरेर लैजानुपर्छ,' उनले भने-'हाम्रो पार्टीलाई जीवन्त रूपमा रूपमा भाइब्रेन्ट बनाएर अगाडि बढाउन सकिन्छ ।'

उनले नेताहरूबिच एकता कायम हुँदा पार्टीप्रति आकर्षण बढ्ने दाबी गरे । उनले कांग्रेस-एमालेसहितको गठबन्धन सरकार सफल हुने दाबी पनि गरे । त्यस्तै देउवाले नेपालको लोकतन्त्र अत्यन्त्रै समावेशी भएको बताए । अहिले नेपाली कांग्रेस र नेकपा एमालेबिच भएको गठबन्धनको सरकारलाई एकताबद्ध भई अगाडि बढाउन आवश्यक रहेको बताएका छन् ।

उनले ३ महिना ६ महिनामा हुने सरकार परिवर्तन अहिले २ पार्टी सहितको बहुमतले सरकारमा आशा जगाएको हुदा यसलाई एकताबद्ध भई सहयोग गर्नुपर्ने बताए । 'अहिले एमालेको अगुवाइमा सरकार रहे पनि भोली कांग्रेसको अगुवाइमा सरकार बन्दो सहयोग हुन्छ ।'- देउवाले भने । मंगलबार दोश्रो दिन ७ वटा समूह विभाजन गरी सहभागीहरूले आफ्नो क्षेत्रको अनुभव, नेपाली कांग्रेस पार्टी सञ्चालनमा रहेका समस्यालगायतकाबारे गहन छलफल गरी सुझाव प्राप्त गरिनेछ । अर्को सत्रमा सरकारसँग जोडिएका विषयहरूमा छलफल गरी सुझाव संकलन गरिने कार्यक्रम रहेको खड्काले जानकारी दिए ।

प्रतिष्ठानका संयोजक तथा पार्टी उपसभापति पूर्णबहादुर खड्काले प्रशिक्षणमा मुलुकको आर्थिक विषयका साथैं संघीयता कार्यान्वयनको अवस्थाबारे छलफल गरिने जानकारी दिए । 'पहिलोपटक सामाजिक सञ्जालको प्रयोगमार्फत् पार्टी बिस्तारका सम्बन्धमा पाठ्यक्रम नै समावेश गरेर छलफल गर्दैछौं,' उनले भने-'सँगसँगै पार्टीको क्रियाशील सदस्यता र सांगठनिक अवस्था र समसामयिक मुद्दालगायत विभिन्न ६ वटा विषयमा बिज्ञहरूले प्रस्तुति दिनुहुनेछ ।'

प्रशिक्षण मुलुकभरका एकभन्दा बढी निर्वाचन क्षेत्र भएका जिल्लाका १ सय ३० जना क्षेत्रीय सभापति, १ सय ३० जना क्षेत्रीय प्रशिक्षण प्रतिष्ठान प्रमुख र एउटै निर्वाचन क्षेत्र भएका ३५ जिल्लाका प्रदेशसभा निर्वाचन क्षेत्रका ७० जना क्षेत्रीय सभापति गरेर ३ सय ३० जनाको सहभागिता रहेको छ ।

यस्तै, पार्टीका जिल्ला, प्रदेश र संघीय प्रतिनिधिको सहभागिता समेत रहेको छ । उद्घाटन सत्रमा सभापति देउवा, उपसभापति खड्का, पार्टीका वरिष्ठ नेताहरू कृष्ण सिटौंला, शशांक कोइराला, पार्टी कोषाध्यक्ष उमेश श्रेष्ठ, गृहमन्त्री रमेश लेखक, परराष्ट्रमन्त्री डा. आरजु राणा देउवा, डा. प्रकाशसरण महतलगायतका नेताहरूको सहभागिता थियो । केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको आयोजनामा भएको कार्यक्रमलाई नेपाली कांग्रेस रूपन्देही निर्वाचन क्षेत्र नम्बर ३ को क्षेत्रीय समितिले व्यवस्थापन गरेको छ ।

## प्रशिक्षणमा गएनन् शेखर

नेपाली कांग्रेसका देशभरका क्षेत्रीय सभापति तथा क्षेत्रीय प्रशिक्षण शाखा प्रमुखहरूको प्रशिक्षण कार्यक्रम पार्टीका संस्थापन इतरका शेखर कोइरालाले बहिष्कार गरेका छन् । दुई दिने प्रशिक्षण तथा अभिमुखीकरण कार्यक्रममा पार्टीका सभापति शेरबहादुर देउवासहित पार्टी पदाधिकारी, पूर्वपदाधिकारीदेखि केन्द्रीय सदस्यहरूसम्म सहभागी छन् ।

तर, इतर पक्षको नेतृत्व गरिरहेका नेता डा. शेखर कोइराला प्रशिक्षण कार्यक्रममा सहभागी भएनन् । कोइराला आइतबार रूपन्देहीमा थिए । उनी विराट गोल्ड कप उद्घाटनका लागि भन्दै विराटनगर गएको उनी निकट रूपन्देही कांग्रेसका एक नेताले बताए । यसअघि पोखरामा भएको प्रशिक्षण भेलामा आफूलाई नबोलाएको भन्दै सार्वजनिक रूपमै असन्तुष्टि जनाएका कोइरालालाई भैरहवाको कार्यक्रमममा भने बोलाइएको र आउने जानकारी आएको कांग्रेस रूपन्देही क्षेत्र नम्बर १ का क्षेत्रीय सभापति हिरा खत्रीले बताए ।

कोइरालाका स्वकीय सचिव दिनेशचन्द्र थपलियाले प्रशिक्षण कार्यक्रममा बोलाइएको भए पनि पूर्वनिर्धारित कार्यक्रम तय भइसकेकाले उपस्थित नभएको बताए ।

## तोडफोडपछि भैरहवा बहुमुखी क्याम्पसको स्ववियू चुनाव स्थगित



भैरहवा । रूपन्देहीको भैरहवा बहुमुखी क्याम्पसमा विपक्षी दल निकट विद्यार्थी संगठनहरूले स्ववियू निर्वाचनको विषयलाई लिएर क्याम्पसमा तोडफोड गरेका छन् । विभिन्न माग राखेर निर्वाचन आयोगको कार्यकक्षमा आइतबार तालाबन्दी गरेका विद्यार्थी संगठनले माग पूरा नगरी निर्वाचन प्रक्रिया सुरु गरेको भन्दै सोमबार क्याम्पसको हलमा तोडफोड गरेका हुन् ।

आगामी ५ चैतमा हुने स्ववियू चुनावका लागि तीन बजेसम्म विद्यार्थी संगठन दर्ताको समय देशव्यापी रूपमा तोकिएको थियो । संगठन दर्ताकै लागि एमाले निकट विद्यार्थी संगठनले तयारी र छलफल गरिरहँदा समाजवादी विद्यार्थी युनियन, समाजवादी विद्यार्थी युनियन नेपाल, जनमत विद्यार्थी संघ, राष्ट्रिय प्रजातान्त्रिक विद्यार्थी युनियन र स्वतन्त्र मधेश विद्यार्थी यूनियनको समूहले हल तोडफोड गरेका प्रत्यक्षदर्शीले बताएका छन् ।

निर्वाचन तालिका अनुसार निर्वाचन आयोगले आफ्नो प्रक्रिया अगाडि बढाउनका निम्ति विद्यार्थी संगठनहरूसँग बैठक बसिरहेका बेला अन्य संगठनले दर्ता गर्न माग गरिरहेका थिए ।

बैठक कक्षमा अनेरास्ववियूका कार्यकर्ता प्रवेश गरेर होहल्ला गरेपछि पाँच विद्यार्थी संगठनका सदस्यहरू आक्रोशित भएर तोडफोडमा उत्रिएको समाजवादी विद्यार्थी यूनियनका इकाई इञ्चार्ज इरफान अलीले जानकारी दिए ।विद्यार्थीहरूको तोडफोडले केही कुर्सी भाँचिएका छन् । विद्यार्थीहरूले क्याम्पस प्राङ्गणमा टायर बालेर विरोध समेत जनाएका छन् ।

विपक्षी विद्यार्थी संगठनहरूले क्याम्पसमा प्रथम वर्षको भर्ना खोल्न माग गर्दै आए पनि त्यो नगरेर निर्वाचनको प्रक्रियामा गएको भन्दै असन्तुष्टि जनाउँदै आएका थिए ।चुनावको विषयलाई लिएर विद्यार्थीहरू तोडफोडमै उत्रिएपछि क्याम्पसले स्ववियू निर्वाचन कार्यक्रम स्थगित गरेको छ ।

» बाँकी ३ पेजमा

प्रो. मञ्जु एण्ड सन्स
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
न्यू कुमकुम ज्वेलर्स
बि.पि. चोक, बुटवल-४, रुपन्देही

विगत १५ वर्षदेखि तपाईंको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाइनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

## सम्पादकीय

# राजस्व संकलन संकुचित हुँदा चुनौती

लुम्बिनी प्रदेश सरकारले लक्ष्यअनुसार आन्तरिक आम्दानी गर्न नसक्दा बजेट निर्माण र कार्यान्वयनमा समस्या उत्पन्न भएको छ। प्रदेश सरकारले लक्ष्यअनुसार कुनै पनि शीर्षकमा राजस्व संकलन गर्न सकेको देखिंदैन । गत आव २०८०/०८१ मा पाँच अर्ब ९८ करोड ५१ लाख रुपैयाँ आन्तरिक आम्दानी गर्ने लक्ष्य लिएको सरकारले एक अर्ब ६३ करोड ३९ लाख २८ हजार रुपैयाँ मात्र आम्दानी गर्न सक्यो । जुन लक्ष्यको २७ दशमलव ३० प्रतिशत हो।

चालू आव २०८१/०८२ मा प्रदेश सरकारले चार अर्ब ७१ करोड २० लाख ८३ हजार रुपैयाँ राजस्व संकलन गर्ने लक्ष्य लिएको छ। तर आर्थिक वर्षको ६ महिना बित्दासम्म १८ दशमलव ९५ प्रतिशत मात्र संकलन गरेको छ। एकातिर प्रदेश सरकार स्वंयले लक्ष्यअनुसार राजस्व संकलन गर्न सकेको छैन, अर्कोतिर संघीय सरकारले पनि लक्ष्यअनुसार राजस्व संकलन गर्न नसक्दा प्रदेश र स्थानीय सरकारले दिने अनुदान घट्दै गएको छ । संघीय सरकारले छुट्याउने वित्तीय समानीकरण अनुदानलाई प्रमुख आधार बनाएर प्रदेश सरकारको बजेट निर्माण हुन्छ। बजेट निर्माणको प्रमुख आधार संघीय सरकारले दिने अनुदान नै हो । यसमा आन्तरिक स्रोत १५ प्रतिशत मात्रै हो भने ८५ प्रतिशत स्रोत संघीय सरकारको अनुदानमा भर पर्नुपर्छ। अघिल्लो आव २०८०/०८१ सम्म लुम्बिनीलाई दिइने समानीकरण अनुदान आठ अर्बबाट घटाएर ६ अर्ब रुपैयाँमा झारिएको थियो । यो वर्ष पनि समानीकरण अनुदान घट्ने निश्चित भएको छ। लक्ष्य गरेका क्षेत्रबाटै आम्दानी घटेपछि प्रदेश सरकारलाई खर्च व्यवस्थापनमा समस्या देखिएको छ । सञ्चित कोष रित्तिंदा सरकारले गत आव २०८०/०८१ मा काम सकेका निर्माण कम्पनीको दुई अर्ब रुपैयाँ भुक्तानी दिन सकेको छैन।

भुक्तानीको भारले थिचिएको प्रदेश सरकारले चालु खर्चमा मितव्ययी हुनुपर्ने बाध्यता छ। अनावश्यक संरचना निर्माण नगर्ने र अहिले भइरहेका संरचनाले गर्ने चालुलगायतका खर्चमा पनि व्यापक कटौती गर्न ढिलाइ गर्न हुन्न । संघीय सरकारसँग भएका संरचना जुन प्रदेशमा नभएपनि चल्ने संरचना तत्काललाई गठन गर्न हुन्न । अहिले प्रदेश लोकसेवा आयोगकको काम र भूमिकाप्रति प्रश्न उठिरहेको बेला संविधानले अधिकार दिएको भन्दै अरु निकाय र संरचना गठन गर्न हुन्न । अहिले सकेसम्म खर्च घटाउने हो । आम्दानी कम भएका बेला खर्च कम गरेर सन्तुलन कायम गर्न सकिन्छ।

# पछिल्लो समय जापानको बढ्दो मोहप्रति सचेत पनि बन्नेकी ?



मोहन कुँवर

*जापान आफैँमा विश्वसामु छुट्टै परिचय बनाउन सफल भएको देश हो, जहाँ हामीले जापानी नागरिकहरुको इमान्दारिता, नैतिकता, लगनशीलता र धैर्यताबाट पनि धेरै कुराहरु बुझ्न र सिक्न सकिन्छ साथै जापान सीप तथा क्षमता भएकाहरुको लागि अवसरै अवसरको सम्भवना भएको देश हो त्यसैले भाषा तथा सम्बन्धित क्षेत्रको काम तथा सीपमा दक्षता हासिल गरेर जापान प्रवेश गर्ने हो भने सहजै सुन्दर भविष्य निर्माण सकिनेछ।*



पछिल्लो समय विश्वका विभिन्न देशहरुमध्ये जापान पनि नेपालीहरुको लागि प्रमुख गन्तव्यको रोजाइमा परेको छ। विशेषगरी जापनमा विद्यार्थी भिसा, वर्किङ्ग भिसा, व्यावसायिक भिसा,पारिवारिक भिसा र विशिष्ट सीप भएका कामदार (SSW)भिसामार्फत् नेपालीहरु जापान प्रवेश गर्ने गर्दछन् । जसरी नेपालमा विभिन्न मिडिया, सामाजिक सञ्जाललगायत कन्सलटेन्सीहरुबाट जापानको बारेमा धेरै कुराहरु सुनिन्छ त्योभन्दा निन्तान्त फरक रहेको छ, जापानको अवस्था । जापानका विभिन्न कम्पनी तथा कार्यालयहरुमा जापानी भाषाभन्दा अन्य भाषाहरु खासै प्रयोग नहुने हुँदा पनि प्रमुख समस्या भाषागत नै मानिन्छ । पछिल्लो तथ्याङ्कअनुसार जापानमा करिब २ लाख ६ हजारभन्दा बढी नेपालीहरुको संख्या रहेको छ।

जापानमा विद्यार्थी भिसामा प्रवेश गर्नेहरुले १ वर्षको कलेज शुल्क, ६ महिनाको आवास शुल्क र अन्य खर्चहरु गरेर करिब १३ लाखभन्दा बढी रकम खर्चेर जापान प्रवेश गर्दछन् । जापानमा अध्ययनको विषय र क्षेत्र अन्य देशमा भन्दा फरक रहेको हुन्छ। विशेष गरी अधिकांश विद्यार्थीहरुले १६ महिनादेखि २ वर्षसम्म जापानी भाषा सिक्ने गर्दछन् भने त्यसपछि २ वर्षको भोकेसनल कलेज तथा ४ वर्षको लागि युनिभर्सिटी प्रवेश गरी अध्ययन गर्ने गर्दछन्। आफ्नो अध्ययन पूरा गरिसकेपछि अध्ययनअनुसारको सम्बन्धित क्षेत्रको कम्पनी खोजेर विद्यार्थी भिसाबाट वर्किङ्ग भिसामा परिवर्तन गर्दछन्, तर त्यहि सहज भने छैन जापानमा विद्यार्थी भिसाबाट वर्किङ्ग भिसामा परिवर्तन गर्न । एउटा विद्यार्थीको लागि कलेज शुल्क, आवास शुल्क, बिमा तथा कर रकम शुल्क र अन्य खर्चहरु गरेर १ महिनाको करिब १ लाख ५० हजारभन्दा बढी खर्च लाग्दछ भने जापान सरकारको नियमअनुसार विदेशी विद्यार्थीको हकमा १ हप्तामा २८ घण्टा मात्र काम गर्ने अनुमति प्राप्त भएको हुन्छ जस अनुसार १ महिनामा लगभग १ लाख २० हजारको सेरोफेरोमा आम्दानी गर्न सकिन्छ । धेरैजसो विद्यार्थीहरुले आफ्नो दैनिकीलाई सहज बनाउन तथा बचतको लागि नगद भुक्तानी को रुपमा तलब पाउने काम गरेका हुन्छन्, तर सबै क्षेत्रमा यस प्रकारको काम पाउन भने मुस्किल हुन्छ । साथै कुनै कारणवश चेकिङ्गमा परियो भने भिसा रद्ध गरिदिने उच्च सम्भावना पनि रहेको हुन्छ । जापानमा केहि नेपाली विद्यार्थीहरुले जापानको बढ्दो महङ्गीसँगै अन्य कुराहरुलाई आत्मसाथ गर्न नसकी आत्महत्या समेत गर्दछन्, साथै पछिल्लो समय यो घटनाक्रम तीब्र रुपमा बढिरहेको छ। त्यसैले आफ्ना छोराछोरीहरुलाई जापान पठाउनुभन्दा घरको आर्थिक अवस्था, छोराछोरीहरुको शारीरिक तथा मानसिक अवस्थाबारे राम्रोसँग बुझ्न जरुरी पनि देखिन्छ।

पछिल्लो समय जापानमा काम गर्ने अनुमति भिसामा पनि दुई तरिकाले आउने गरेको पाइन्छ, पहिलो होटेल तथा रेष्टुरेण्टमा १० वर्ष काम गरेको अनुभवको सर्टिफिकेट देखाई नेपालीहरुको रेष्टुरेण्टमा काम गर्न आउने कामदार र दोस्रो नेपालबाट स्नातक पास गरी जापानी तथा अन्य कम्पनीहरुमा वर्किङ्ग भिसाका रुपमा काम गर्न आउने व्यक्तिहरु। विशेषगरी नेपाली रेष्टुरेण्टहरुमा काम गर्न आउने अधिकांश व्यक्तिहरुले करिब १२/१३ लाख रकम बुझाएर आउने गर्दछन् भने उनीहरुलाई कामको अनुभव र दक्षताको आधारमा १ लाखदेखि १ लाख ५० हजार सम्म मासिक तलब दिने गरेको पाइन्छ भने केहि रेष्टुरेण्टका मालिकहरुले माथि उल्लेख गरिएको रकमभन्दा तलमाथि पनि दिने गरेको पाइन्छ । कामदारहरुले परिवारको सदस्य नलिएको खण्डमा खान बस्नको व्यवस्था भने रहेको पाइन्छ। पछिल्लो समय नेपाल तथा जापानमा रहेको कन्सल्टेन्सीहरुको माध्यमबाट करिब १२/१३ लाखभन्दा बढी रकम बुझाएर जापानी तथा अन्य विदेशी कम्पनीहरुमा काम गर्ने अनुमति भिसामा आउने नेपालीहरुको संख्या बढ्दो क्रममा रहेको छ।

जापान प्रवेश गर्नुभन्दा पहिला सबैभन्दा महत्वपूर्ण भाषा नै भएको तर धेरैजसो कन्सलटेन्सीहरुले एउटा कम्पनीबाट भिसाको प्रकृया पुरा गरी जापान पठाउने त्यसपछि कुनै पनि जिम्मेवारी नलिने गरेको पाइन्छ । आजभोलि यस प्रकृयाबाट जापान आउने धेरै जसो नेपालीहरुलाई केहिदिनमै भाषाको कारणले नै कामबाट निकालिदिने गरेको पाइन्छ। जापानमा भाषाको तह राम्रो भएन भने अन्य कम्पनीहरुमा काम परिवर्तन गर्न पनि निकै गाह्रो हुने गर्दछ। त्यसैले केही व्यक्तिहरु विचल्लिमा परि हारगुहार गरेको पाइन्छ । त्यसैले जापान प्रवेश गर्नुभन्दा पहिले आफ्नो सीप र भाषा सिकाइलाई पूर्णता दिएर मात्र जापानको यात्रा तय गर्न आवश्यक पर्दछ।

पछिल्लो समय “विशिष्ट सीप भएका कामदार” भिसाको रूपमा प्रवेश गर्ने नेपालीहरुको संख्या पनि बढ्दो क्रममा रहेको छ । यसको लागि कुनै सीप तथा जापानी भाषा दक्षताको परीक्षा (JFT–Basic अथवा JLPT$) र सम्बन्धित क्षेत्रको परिक्षा पास गरेर आउन पाइन्छ । यो दुई प्रकारको रहेता पनि अधिकांश नेपालीहरु SSW नम्बर १ अन्तर्गत स्वास्थ्य, श्रम र कल्याण मन्त्रालयको क्षेत्राधिकारमा पर्ने खाद्य सेवा उद्योग रेष्टुरेण्ट व्यवसाय, होटलसम्बन्धी उद्योगलगायत अन्य क्षेत्रहरुमा कामदारको रुपमा आउने गर्दछन्। SSW नम्बर १ बाट आउनेहरुले परिवारका अन्य सदस्यहरुलाई लिन पाउँदैनन भने ५ वर्षपछि भिसा अवधि पनि सकिन्छ, त्यसपछिको लागि फेरि अर्को तहको परीक्षा पास गर्न आवश्यक पर्दछ । यस प्रकृयाबाट आउन निःशुल्क भनिएता पनि नेपालका कन्सलटेन्सीहरुले कम्पनी र कामदारको बिचमा रहेर मध्यस्थकर्ताको भूमिकामा काम गर्ने हुनाले केही रकम लिएर काम गर्ने गर्दछन् । SSW मार्फत् आउँदा सामान्यतया २ लाखभन्दा माथि तबल हुने गर्दछ भने जापान सरकारलाई कर तथा बीमा शुल्क र खान र बस्नको लागि आफैँले तिर्नुपर्दछ। माथि उल्लेखित भिसा बाहेक पारिवारिक तथा व्यवसायिक भिसामा पनि जापान प्रवेश गर्न सकिन्छ । काम गर्ने अनुमति भिसामा जापान रहेका कामदार तथा व्यावसायिक भिसामा रहेका व्यक्तिहरुले आफ्ना श्रीमान/ श्रीमती तथा छोराछोरीहरुलाई पनि साथमा लिन पाउँछन् भने पारिवारिक भिसामा रहेकाहरुलाई जापान सरकारले हप्तामा २८ घण्टा काम गर्ने पाउने अनुमति दिएको छ।

अन्त्यमा, जापान आफैँमा विश्वसामु छुट्टै परिचय बनाउन सफल भएको देश हो, जहाँ हामीले जापानी नागरिकहरुको इमान्दारिता, नैतिकता, लगनशीलता र धैर्यताबाट पनि धेरै कुराहरु बुझ्न र सिक्न सकिन्छ, साथै जापान सीप तथा क्षमता भएकाहरुको लागि अवसरै अवसरको सम्भवना भएको देश हो । त्यसैले भाषा तथा सम्बन्धित क्षेत्रको काम तथा सीपमा दक्षता हासिल गरेर जापान प्रवेश गर्ने हो भने सहजै सुन्दर भविष्य निर्माण सकिनेछ।

*सत्यवती –२, गुल्मी हाल जापान ओसाका*

# नेप्से परिसूचक घट्यो



काठमाडौँ। साताको पहिलो कारोबारको दिन उच्च अङ्कले बढेको नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक सोमबार भने दोहोरो अङ्कले घटेको छ। नेप्से परिसूचक १३ दशमलव ६२ अङ्कले घटेर दुई हजार आठ सय ७६ दशमलव ६६ को विन्दुमा कायम भएको हो।

विभिन्न तीन सय कम्पनीका तीन करोड १२ लाख ४१ हजार दुई सय ५८ कित्ता शेयर एक लाख ३९ हजार पाँच सय ५५ पटक खरिदबिक्री हुँदा रु १४ अर्ब २८ करोड ४५ लाख १० हजार पाँच सय ९५ बराबरको कारोबार भएको छ।

कारोबारपछि जीवन बिमा शून्य दशमलव ७७, उत्पादन तथा प्रशोधन शून्य दशमलव २५, म्युचुअल फन्ड एक, निर्जीवन बिमा शून्य दशमलव ४६ र अन्य समूह एक दशमलव ६८ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ। बैंकिङ एक दशमलव ३५, विकास बैंक शून्य दशमलव ८४, वित्त शून्य दशमलव ९३, होटल तथा पर्यटन एक दशमलव ८८, जलविद्युत् एक दशमलव २१, लगानी समूह शून्य दशमलव २४, लघुवित्त शून्य दशमलव ८८ र व्यापार शून्य दशमलव ८४ प्रतिशतले घटेको छ।

गार्डियन माइक्रोलाइफ इन्स्योरेन्स लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ भने समाज लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ।

कारोबार भएका शेयर संख्याका आधारमा सबैभन्दा धेरै हिमालयन रिइन्स्योरेन्स लिमिटेडको रु एक अर्ब ३८ करोड ७४ लाख ४७ हजार बराबरको कारोबार भएको छ। कारोबार भएका शेयर संख्याका आधारमा भने सबैभन्दा धेरै हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एन्ड डेभलपमेन्ट कम्पनी लिमिटेड प्रमोटर शेयर १७ लाख ७१ हजार पाँच सय ५० कित्ता शेयर किनबेच भएको छ।

# महिनाअनुसार शिशुको औसत वजन कति हुनु पर्दछ ?

विश्व स्वास्थ्य संगठन अनुसार, बालबालिका विभिन्न गतिमा विकास गर्दै जान्छन्, तर पूर्णकालिक (समय पुगेर जन्मिएका) पुरुष शिशु जन्मिदाको औसत जन्म वजन ३.३ किलोग्राम र महिला शिशुको ३.२ किलोग्राम हुन्छ। विकास चार्टहरूले शिशुको औसत वजनको मार्गदर्शन दिन सक्छ।

पहिले, यो ध्यान दिनु महत्वपूर्ण छ कि औसत वजन भनेको सामान्य वजन होइन। ठ्याक्कै वयस्कहरूको जस्तै, शिशुहरू विभिन्न आकार र प्रकारमा हुन्छन्।

यदि शिशुको वजन न्यूनतम प्रतिशतमा छ भने, यसले शिशुको विकास वा शारीरिक विकाससँग समस्या छ नै भनेर जनाउँदैन । यसलाई ध्यानमा राख्दै, वजन चार्टको प्रयोगले एक व्यक्तिलाई सामान्य रूपमा शिशुको विकास ट्र्याक गर्न मद्दत पुऱ्याउँछ।

३७ देखि ४० हप्ता जन्मेका शिशुको औसत वजन ५ पाउन्ड ८ औंसदेखि ८ पाउन्ड १३ औंसको बिचमा हुन्छ। यसलाई २.५ देखि ४ किलोग्रामको बराबरीमा लिइन्छ।

प्रसवको समयमा, विशेषज्ञहरूले ५ पाउन्ड ८ औंस भन्दा कम, वा २.५ किलोग्राम भन्दा कमलाई न्यून जन्म वजनका रुपमा लिन्छन्।

**के–के कुरा सामान्य हुन् ?**

शिशुहरूले प्रायः आफ्नो जीवनको पहिलो ६ महिनामा सबैभन्दा छिटो वजन बढाउँछन्।

शिशुले जन्मको पहिलो हप्तामा लगभग १० प्रतिशत वजन गुमाउनु सामान्य हो । यो घट्ने प्रक्रिया प्रायः फ्लुड लसका कारणले हुन्छ र सामान्य रूपमा चिन्ता गर्नु आवश्यक छैन। अधिकांश शिशुको यो वजन १ हप्ताभित्र फिर्ता हुन्छ।

सामान्यतया, स्तनपान गरिएका शिशुहरूको वजन पहिलो वर्षमा फार्मुला खुवाइएका शिशुहरूभन्दा ढिलो बढ्छ।

यद्यपि विभिन्न शिशुअनुसार यसमा भिन्नता आउन सक्छ, तर सामान्यता शिशुहरूको ४ महिनामा आफ्नो जन्म वजन दोब्बर हुन्छ र प्रायः आफ्नो पहिलो जन्मदिनमा जन्म वजन तीन गुणाले बढ्दछ। यद्यपि, वृद्धि ढाँचाले कुनै स्पष्ट तालिका पालना गर्दैन । कसैका शिशुहरूको वजन स्थिर रूपमा बढ्छ र केही महिना समान प्रतिशतमा रहन्छ भने कसैको शिशुको वजन छिट्टै बढ्दछ र वृद्धिको सङ्केत दिन्छ, जुन कुनै पनि समयमा हुन सक्छ। यसले बच्चालाई नयाँ वजन प्रतिशतमा सार्न सक्छ।

**के १० पाउन्डको शिशु ठूलो हो ?**

विश्व स्वास्थ्य संगठनका अनुसार, पूर्णकालिक पुरुष शिशुको औसत जन्म वजन ७ पाउन्ड ६ औंस र पूर्णकालिक महिला शिशुको ७ पाउन्ड २ औंस हुन्छ।

त्यसकारण, १० पाउन्डको शिशु औसत वजनभन्दा ठूलो हो।

शिशुले कहिले आफ्नो जन्म वजन दोब्बर गर्नु पदर्छ ?

सामान्यतया, शिशुले आफ्नो जन्मको प्रारम्भिक वजन ६ महिनामा दोब्बर गर्दछन् । उनीहरूले प्रायः १२ महिनामा जन्म वजनको तीन गुणा तौल गर्छन्।

**शिशुको वजनलाई के कुराले प्रभावित गर्छ ?**

**लिंग**

पुरुष नवजात शिशुहरू महिला नवजात शिशुहरू भन्दा ठूलो हुन्छन् र सामान्यतया पुरुष नवजात शिशुहरूको वजन चाँडो बढ्छ।

**पोषण**

तौल बढ्ने र वृद्धि दर पनि बच्चाले आमाको दूध वा फर्मुला खान्छ भन्नेमा भर पर्छ।

स्तनपान गरिएका शिशुहरू, फार्मुला खुवाइएका शिशुहरू भन्दा ढिलो बढ्छन्।

तर, वृद्धि सामान्यतया स्तनपान र फर्मुलामा आधारित पोषण खुवाइएका शिशुहरूको समान हुन्छ।

शिशुले अन्य खाना खान सुरु गरेपछि पनि वजनमा उतार-चढाव आउन सक्छ।

**चिकित्सकीय अवस्थाहरू**

स्वास्थ्यका समस्याहरूले शिशुहरुको वजन बढ्न ढिलो गराउन सक्छ । उदाहरणका लागि, जन्मजात मुटु असामान्यताहरू भएका शिशुहरूको, स्वास्थ्य समस्याहरू नभएका शिशुहरूभन्दा ढिलो वजन बढ्न सक्छ।

पोषण अवशोषण वा पाचनमा असर पुर्याउने स्वास्थ्य समस्याहरू जस्तै सेलियाक रोगले पनि वजन बढ्न ढिलो बनाउन सक्छ।

**अल्पकालिक**

समय नपुगेर जन्मिएका शिशुहरू आफ्नो पहिलो वर्षमा समय पुगेर जन्मिएका शिशुहरूभन्दा चाँडो बढ्न सक्छन्।

तर, धेरै अल्पकालिक शिशुहरूले चाँडो वजन बढाए तापनि लगभग पहिलो जन्मदिनमा पूर्णकालिक शिशुहरुसँगै ‘समान’ हुन्छन्। स्वास्थ्य खबरबाट

## यथास्थितिमा...

हतारमा ल्याइएको र राष्ट्रियसभामा संख्या नपुगेका कारणले अध्यादेश पास हुने अवस्था नभएको उनले स्वीकार गरे। कांग्रेसको महाधिवेशनसम्बन्धी सञ्चारकर्मीहरूको प्रश्नमा विश्वकर्माले तोकिएको समयमा नै महाधिवेश हुने बताउँदै २०/२२ महिनापछिको अवस्थासम्म महाधिवेशन हुने र अहिले पार्टीभित्र रहेका गुट तथा पक्षहरू अब नहुने तर्क गरे । पार्टीको प्रचार बिभाग संयोजक समेत रहेका विश्वकर्माले अहिलेको गठबन्धन २०८४ सालको निर्वाचनसम्म कायम रहने समेत दाबी गरे ।

माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डको कारणले अहिलेको कांग्रेस एमालेको गठबन्धन बनेको उनको तर्क थियो। पूर्वराजा ज्ञानेन्द्र शाहको अधिव्यक्तिलाई संविधानको पूर्ण कार्यान्वयनको रूपमा हेरेको समेत तर्क उनले गरे ।

वाक स्वतन्त्रतालाई पूर्वराजाले उच्चतम प्रयोग गरेको बताउँदै राजसंस्था फर्काउने अभिव्यक्तिलाई राजनीतिक दलले प्राथमिकता नदिएको समेत उनले जिकिर गरे ।

## तोडफोडपछि...

क्याम्पसमा सोमबार भएको घटनापछि विज्ञप्ति जारी गर्दै स्वतन्त्र विद्यार्थी यूनियनको निर्वाचन प्रयोजनका लागि पूर्व प्रकाशित निर्वाचन तालिका अनुसार सम्पूर्ण कार्यक्रम अर्को सूचना प्रकाशित नहुँदासम्मका लागि स्थागित गरिएको निर्वाचन अधिकृत गणेशप्रसाद पाण्डेयले बताए।

'क्याम्पसमा सृजना भइरहेको असहज परिस्थितिका कारण अर्को सूचना प्रकाशित नहुँदासम्मका लागि स्थागित भएको जानकारी गरिन्छ। साथै क्याम्पसमा क्रियाशील सम्पूर्ण विद्यार्थी संघ संगठनहरूको प्रतिनिधत्व हुनेगरी सर्वपक्षीय बैठकको सहमतिमा प्रक्रिया अगाडि बढाइने छ।'- विज्ञप्तिमा उल्लेख छ।

## बिमा लेख हराएको सूचना

मेरो निम्न विवरण भएको लाईफ इन्स्योरेन्स कर्पोरेशन नेपाल लिमिटेडको बिमा लेख मिति २०८१।११।१० गते गर्दी वडा न १ देखि चितवन आउने क्रममा हराएको हुँदा फेला पार्नु हुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर वा सम्पर्कमा गरिदिनु हुन बिनम्र अनुरोध छ।

**नाम :** नन्द प्रसाद महतो
**ठेगाना :** गर्दी - १, चितवन
**बिमालेख न :** २५११२७६९८
**मोबाइल न :** ९८६६३६८३२२

## बिमा लेख हराएको सूचना

मेरो निम्न विवरण भएको लाईफ इन्स्योरेन्स कर्पोरेशन नेपाल लिमिटेडको बिमा लेख मिति २०८१।११।१० गते महाराजगन्ज नपा वडा न १ देखि कपिलवस्तु आउने क्रममा हराएको हुँदा फेला पार्नु हुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर वा सम्पर्कमा गरिदिनु हुन बिनम्र अनुरोध छ।

**नाम :**सुरेश प्रसाद अग्रहरी
**ठेगाना : महाराजगन्ज न.पा.१, कपिलवस्तु**
**बिमालेख न :** २५१०३०३१०
**मोबाइल न :** ९८१५४०८६०८

## बुटवल उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

बुटवल, रुपन्देही।

## बोलपत्र स्वीकृतिको आशयपत्र सम्बन्धी सूचना

( सूचना प्रकाशन मिति :- २०८१/११/२०)

बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयबाट मिति २०८१/०९/२८ मा प्रकाशित देहायको कार्यको बोलपत्र आह्वान सम्बन्धी सूचना अनुसार ई-विडिङ्ग मार्फत म्याद भित्र दर्ता हुन आएको प्राविधिक र आर्थिक प्रस्तावमा योग्य तपशिल बमोजिमको बोलपत्र स्वीकृत हुने प्रक्रियामा रहेको हुंदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) बमोजिम सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। साथै उक्त प्रकृयामा चित्त नबुझेमा सार्वजनिक खरिद ऐन,२०६३ को दफा ४७ बमोजिमको अवधि भित्र निवेदन पेश गर्न हुन सम्बन्धित सरोकारवालाहरुलाई समेत यसै सूचना मार्फत जानकारी गराईन्छ।

**तपशिल**

| ठेक्का नं. | कामको विवरण | ठेक्का कबोल गर्ने फर्मको नाम ठेगाना | कबोल अंक भ्याट सहित रु. |
|---|---|---|---|
| ३७/०८१-८२/BSMC/ GOODS/SQ | Supply and delivery of electronic items | श्री कम्प्युटर सर्वीस सेन्टर, बुटवल, रुपन्देही | ४२,४२,४५५/- |

बुटवल उपमहानगरपालिका
नगरकार्यपालिकाको कार्यालय

## Binayi Tribeni Rural Municipality
## Office of Rural Municipal Executive

**Nawalparasi (East of BardghatSusta), Dumkibas**

**Gandaki Province, Nepal**

# Invitation for Bids

Date of first publication: 2081/10/29, (11th ,Feb, 2025)
Date ofsecond publication: 2081/11/20, (4th ,March, 2025)

1. Office of Binayi Tribeni Rural Municipality invites Hard Copy bids from eligible bidders for the following goodsunder Seal Quotation procedures.

| S.N. | Contract ID | Description of Goods | Estimate Amount | Bid Security Amount (NRs.) | Cost of Bid Document (NRs.) | Last Date of Bid submit | Bid Valid Period | Date of Pre-bid Meeting | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | 43/BTRM /SQ/Goods/ 2081-082 | Procurement of Agricultural machinery Goods | 1863000 | 55890.00 | 1000.00 | 2081/12/06 (19th, March, 2025) Before 12:00 | 45 Days | 2081/12/03 (16th, March, 2025) at 1:00 PM | |
| Cost of Bidding Document in Bank | Name of the Bank: Siddharth Bank LTD Dumkibas branch, Nawalparasi (East )<br>Name of Office: BinayiTribeni Rural Municipality, Nawalparasi (East)<br>Binayi TribeniGaunpalika GA1.1 Aantarik Rajashwo Khata : 00815413078 | | | | | | | | |
| Cost of Bid Security in Bank | Name of the Bank: Siddhartha Bank LTD Dumkibas, Nawalparasi(East)<br>Name of Office: Binayi Tribeni Rural Municipality, Nawalparasi(East)<br>Binayi Tribeni Gaunpalika GA03 DharautiKhata. : 00815153326 | | | | | | | | |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office BinayiTribeni Rural Municipality, Nawalparasi (East of bardghat-susta),Dumkibas. Phone no.078-416185, 078-416182, website: www.binayitribenimun.gov.np.
3. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**

## Tinau Rural Municipality
## Office Of the Rural Municipal Executive

Dobhan, Palpa

Lumbini Province, Nepal

# Notice of Invitation For Bids.

**Publication Date: 2081/11/20**

1. Tinau Rural Municipality Dobhan, Palpa invites electronic Bid from Nepalese eligible Bidders under NCB & SQ procedure as per below table.
2. Interested eligible Bidders may obtain further information from the office of Tinau Rural Municipality Phone No:075413064/9857077098 Email: tinaururalmunicipality@gmail.com or may visit PPMO website.
3. Electronic NCB Bid & Sealed quotation must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp before 12:00 hrs.on 06 Chaitra 2081(2025 March 19).and Bid Opening will be held on same day at13:00 Hrs on Rural Municipal Office. Bids received after this deadline will be rejected.

| ContractNumber | Description of Works | Estimated Amount with (VAT and PS) | Bid Security Amount(NPR) | Bid Document Fee(NPR) | Remarks |
|---|---|---|---|---|---|
| TRM/NCB/WORK/ 06-03RE/2081-082 | Construction of Home Stay Building at Jantiung and Maramkot. | 96,99,562.46/- | 2,50,000/- | 3,000/- | Online Re-E-Bid. (NCB) |
| TRM/SQ/WORK/ 07RE/2081-082 | Construction of Ward no.1 Building First Floor. | 19,58,675.47/- | 50,000/- | 1,000/- | Online (SQ) |
| TRM/SQ/WORK/ 08RE/2081-082 | Construction of Roadway from Budhikot to Khordiwang. | 18,61,018.72/- | 50,000/- | 1,000/- | Online (SQ) |
| TRM/SQ/WORK/ 09/2081-082 | Construction of Beruwa Community Building | 9,77,540.88/- | 25,000/- | 1,000/- | Online (SQ) |

4. If the last date of submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same asspecified for the original last date of bid submission.
5. This is to notify all interested bidders that the bid fee for IFB No:TRM/NCB/WORK /09/2081-082 published on 2081/11/03 ,has been revised. The correct bid fee isNPR 3,000.00 instead of NPR 1,000. as previously mentioned.
6. Information to deposit the costof bidding document in Bank: NameoftheBank:LaxmiSunriseBankLimited.
NameofOffice:OfficeofTinauRural Municipality
Office Codeno.:40-365-13RajashoShirsakNumber:-14229040.
OfficeAccountNo:08103000028(ForBidFee),OfficeAccountNo.:08103000185(ForBidSecurity)

**CheifAdministrativeOfficer**

## Malika Rural Municipality

**Arkhawang, Gulmi**

# Invitation for Bids

Date of Notice publication: 4-March, 2025

1. Malika Rural Municipality, Arkhawang, Gulmi invites electronic bids from eligible bidders for the procurement of worksas specified below under.
2. A complete set of Bidding Documents may be purchased from the office Malika Rural Municipality Arkhawang, Gulmi by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee as specified below till the respective dates. Electronic Bidding Document is available online and can be downloaded from PPMO's website http://www.bolpatra.gov.np/egp, The Bidders have to download the necessary part of bidding documents, prepare their bid and submit electronic bids as specified in the Instructions to Bidders. The Bidder shall be required to deposit the non-refundable fee as specified below and electronic scanned copy (pdf format).
**Information to deposit the cost of Bidding Document in Bank:**
Name of the Office: Malika Rural Municipality, Arkhawang, Gulmi.
Name of Bank: Global IME Bank Ltd. (Branch of MalikaGulmi)
Office Account No: 36004010000006
Account Name: Ga-1.1 AntarikRajaswoKhata (Malika Ga. Pa.)
3. Bids must be submitted to the office before respective dates. Bids received after this deadline will be rejected.
4. The bids will be opened in the presence of Bidders representatives who choose to attend at respective date and time at the office of Malika Rural Municipality, Arkhawang, Gulmi
5. Bids must be valid for a period of (A/C to bid documents) days counting from the day of bid opening and must be accompanied by bid security amounting as stated below deposited at (StaniyaTahaDharautiKhata (malikaga pa), A/CNo.: 36004010000004) on behalf of Malika Rural Municipality, Arkhawang, Gulmi or bid bond authorized from a recognized commercial bank of Nepal, which shall be valid for minimum 30 days beyond the bid validity period.
6. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.
7. Incase confusion contact on 9857067906,9851129149,within office time.The name, identification number and other details of the contracts are as follows:

| SN | Contract Name | Identification No. | Estimated Amount exclusive of VAT | Bid Document Fee (NRS) | Bid security Amount (NRS) | Last Date of Bid Submission | Bid Opening Date | Mode |
|---|---|---|---|---|---|---|---|---|
| 1 | Upgradation of Darling Patakharka Dadar Bhimgithe Road. | OMRM-LISP-GUL-W-NCB-44-2081/082 | 6182891/- | 3000 | 182000 | 03-04-2025 12:00 | 03-04-2025 13:00 | Online |
| 2 | Construction of Landslide Protection Work Near ADM Buildings. | OMRM-LISP-GUL-W-NCB-45-2081/082 | 3455913/- | 3000 | 101000 | 03-04-2025 12:00 | 03-04-2025 13:00 | Online |
| 3 | Upgradation of of Daksumare Hul Simaltari Road | OMRM-LISP-GUL-W-NCB-46-2081 /082 | 6849467/- | 3000 | 201000 | 03-04-2025 12:00 | 03-04-2025 13:00 | Online |
| 4 | Upgradation of Phulwari Chisapani Nistikhola Deurali Bhimgithe Road | OMRM-LISP-GUL-W-NCB-47-2081 /082 | 6828401/- | 3000 | 199000 | 03-04-2025 12:00 | 03-04-2025 13:00 | Online |
| 5 | Interior Construction Work for Administrative Office Building-Malika RM. | OMRM-GUL-W-NCB-48-2081/082 | 9046607/- | 3000 | 251000 | 03-04-2025 12:00 | 03-04-2025 13:00 | Online |

Chief Administrative Officer

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः

**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
**फोनः ९८५७०५८८१३,९८०७१८०८१३**

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



**प्रो. रामशाह शाहानी**
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः

**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

# सैनामैना गोल्डकपमा मुर्गिया एफसीको विजयी सुरुवात



सैनामैना । रुपन्देहीको सैनामैनामा सोमबारदेखि शुरु प्रथम सुनगाभा सैनामैना गोल्डकप फुटबल प्रतियोगितामा आयोजक मुर्गिया फुटबल क्लबले विजयी सुरुवात गरेको छ।

रुपन्देहीको सैनामैनामा-४ मुर्गियास्थित सैनामैना रंगशालामा भएको उद्घाटन खेलमा बुटवलको गोर्खा ब्वाइज रुपन्देहीलाई १-० गोल अन्तरले हराउँदै आयोजक मुर्गिया एफसीले विजयी सुरुवात गरेको हो।

मुर्गिया फुटबल क्लबलाई जिताउन खेलको दोस्रो हाफको १९औं मिनेटमा रोशन पहाडीले गोल गरेका थिए। निकै कडा प्रतिस्पर्धा भएको खेलमा गोर्खा ब्वाइजले निर्धारित समयमा कुनै पनि गोल गर्न नसक्दा मुर्गिया एफसीका रोशनले गरेको एक गोल नै निर्णायक बनेको थियो। मुर्गिया फुटबल क्लबका रोशन पहाडी खेलको म्यान अफ द म्याद घोषित भएका छन्। उनले नगद पाँच हजार प्राप्त गरेका छन्।

दोस्रो खेल मंगलबार नेपाल पुलिस क्लब र फर्साटिकर युथ क्लबबिच दिउँसो ३ बजे हुने आयोजक क्लबका मिडिया संयोजक कृष्ण भण्डारीले जानकारी दिए।

दुई विभागीय, भारत सिक्किमको एकसहित १० टिमले भाग लिएको प्रतियोगिताको उपाधि विजेताले नगद ७ लाख, उपविजेताले नगद ४ लाख रुपैयाँ प्राप्त गर्नेछन्।

यस्तै सेमिफाइनलमा पुगेर बाहिरिएका दुई टिमलाई नगद ४०/४० हजार रुपैयाँ, उत्कृष्ट खेलाडी, सर्वाधिक गोलकर्ता, उत्कृष्ट गोलरक्षक, उत्कृष्ट डिफेण्डर, उत्कृष्ट स्ट्राइकर, उत्कृष्ट मिडफिल्डर, राईजीङ प्लेयर र उत्कृष्ट प्रशिक्षकलाई जनही १५ हजार रुपैयाँका दरले नगद पुरस्कार दिइने क्लबका अध्यक्ष प्रविन भारीले बताए।

## संग्रहालय बनाउन एक लाख रुपैयाँ सहयोग हस्तान्तरण




नवलपुर। राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नवलपुरले कावासोती ६ मा निर्माण शुरु गरेको राष्ट्रिय लोक तथा दोहोरी गीत संग्रहालय निर्माणका लागि सोमबार १ लाख रुपैयाँ सहयोग हस्तान्तरण भएको छ।

राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान गण्डकी प्रदेश समितिले १ लाख रुपैयाँ हस्तान्तरण गरेको हो।

कार्यक्रममा बोल्दै राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठानका गण्डकी प्रदेश अध्यक्ष राजन कार्कीले नवलपुर जिल्ला दोहोरी गीत प्रतिष्ठानको जन्म थलो भएको कारण यहाँ भवन निर्माण अभियानलाई सबैले सहयो गर्नु पर्ने बताए।

कार्यक्रममा बोल्दै गण्डकी प्रदेश वरिष्ठ उपाध्यक्ष माया गुरुङले आफ्नो तर्फबाट सक्दो सहयोग गर्ने बताइन्।

कार्यक्रम राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नवलपुरका अध्यक्ष बुद्धिनाथ घिमिरेले नवलपुरमा बनाउन लागिएको संग्रहालयका लागि सबैलाई सहयोग गर्न आग्रह गरे।

रकम हस्तान्तरण कार्यक्रम सत्यराज अधिकारीको सञ्चालनमा भएको थियो।

## महिलाहरुको निःशुल्क स्क्रिनिंग जाँच



भैरहवा। रुपन्देहीको सिद्धार्थनगर नगरपलिकाले महिलाहरूको पाठेघरको मुखमा हुने क्यान्सर रोगको जोखिम न्यूनीकरणका लागि स्क्रिनिंग शिविर सुरु गरेको छ। शिविरमा महिलाहरुको पाठेघर झरेको, पिशाव चुहिने समस्या, स्तन क्यान्सरको जाँच गरिने छ। शिविरको सोमबार वडा नं. ९ बाट सुरुवात गरिएको छ। शिविर नगरका विभिन्न ४ स्थानमा हुने नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख ईश्वरीप्रसाद न्यौपानेले जानकारी दिए। शिविर सोमबार वडा नं. ९, मंगलबार वडा नं. ३ को खजहना, बुधबार वडा नं. १ को बेलहीया, र बिहीकार वडा नं. ११ को भुजौलीमा हुने छ। सबै शिविरहरु वडाका आधारभूत स्वास्थ्य सेवा केन्द्रमा सञ्चालन हुनेछ।

वडास्तरमा शिविर सञ्चालन गरिए पनि आफूलाई पायक पर्ने स्थानमा गएर महिलाहरुले आफ्नो पाठेघरसम्बन्धी निःशुल्क स्वास्थ्य जाँच गराउन सक्ने व्यवस्था मिलाइएको सिद्धार्थनगर नगरपालिकाकी उप-प्रमुख उमा अधिकारीले जानकारी दिइन।

धेरै महिलाहरुमा देखिने पाठेघरसम्बन्धी यो समस्यालाई समयमै पत्ता लगाइ उपचार गरी निको पार्ने र समस्या नै आउन नदिने उद्देश्यले नगरपालिकाले वर्षेनी शिविर सञ्चालन गर्दै आएको उनले बताइन्। सिद्धार्थनगर नगरपालिकाका नगर प्रमुख इशितयाक अहमद खाँले नेपालमा महिलाहरूमा हुने क्यान्सरहरूमध्ये पाठेघरको मुखको क्यान्सर महिलाको मृत्यु हुनेमा पहिलो कारण रहेको उल्लेख गर्दै समयमै पहिचान गरी उपचार गरेर यो रोग निको पार्ने उद्देश्यले नगरपालिकाले निःशुल्क शिविर सञ्चालन गर्दै आएको जानकारी दिए।

पाठेघरको मुखको क्यान्सरबाट बच्न व्यापक जनचेतना अभिवृद्धि गरी समयमा नै यो रोगको पहिचान गर्ने, यस अभियानलाई सफल बनाउन सबै जनप्रतिनिधि, समाजसेवी, सञ्चारकर्मी, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका, स्वास्थ्यकर्मीलगायत सरोकारवाला संघ-संस्थाहरू सक्रियरूपमा संलग्न भइ सहयोग गरीदिन उनले आग्रह समेत गरेका छन्।

### अल नेपाल ओपन स्नूकर च्याम्पियनसीप :

# रेगन, वाङ्चु, कुमार र सविन क्वाटर फाइनल प्रवेश




बुटवल। बुटवलमा जारी सर्वाधिक पुरस्कार राशीको स्नूकर प्रतियोगितामा सोमबार भएका ५ प्रिक्वाटर फाइनल खेलमा विजयी हुँदै पाँच खेलाडी क्वाटर फाइनल प्रवेश गरेका छन्।

बुटवलको सिंह कम्प्लेक्सस्थित खस्यौली स्नूकर क्लबमा जारी प्रतियोगितामा बुटवलका रेगन श्रेष्ठले भैरहवाका विश्वास कर्माचार्यलाई पछि पार्दै जित हासिल गरे। रेगन श्रीलंकामा सम्पन्न सागस्तरीय प्रतियोगितामा नेपाललाई पहिलो पदक दिलाउन सफल नेपालकै सर्वोत्कृष्ट स्नूकर खेलाडी हुन्।

यस्तै काठमाडौंका सविन तामाङले बिर्तामोडका खेम बुढाथोकीलाई, काठमाडौंका वाङचु तामाङले भैरहवाका अजय सुनारलाई, काठमाडौंका कुमार शाही ठकुरीले पोखराका नवीन गुरुङलाई तथा हेटौंडाका नितेश खण्डवालले काठमाडौंका फुर्वा दोर्जे तामाङलाई पराजित गर्दै क्वाटर फाइनल प्रवेश गरेको खेल संयोजक शिशिर गुरुङले जानकारी दिए।

बेस्ट अफ नाइनका आधारमा खेलाइएको खेलमा रेगनले ५-१ अन्तरले, वाङ्चुले ५-२ ले, कुमारले ५-३ ले, सविनले ५-१ ले र नितेशले ५-३ अंकको अन्तरले खेल जित्दै अघिल्लो चरणमा स्थान पक्का गरेका हुन्।

नेपाल विलियर्डस स्नुकर तथा पुल संघ रुपन्देही र खस्यौली स्नूकर क्लबको संयुक्त आयोजनामा फागुन १२ देखि जारी प्रथम अल नेपाल बुटवल मेयर कप ओपन स्नुकर च्याम्पियनसीपमा देशभरबाट १२८ जना खेलाडीले भाग लिएका छन्। प्रतियोगिताको विजेता खेलाडीले ३ लाख ३ हजार, उप-विजेताले १ लाख १ हजार रुपैयाँ, हाइएस्ट ब्रेकरले ५५ हजार रुपैयाँ, सेमिफाइनलमा पुग्ने खेलाडीहरुलाई नगद ३०-३० हजार रुपैयाँ, राईजिङ स्टार र अनुशासित खेलाडीलाई स्नुकर स्टिकबाट पुरस्कृत गरिने नेपाल विलियर्डस स्नुकर तथा पुल संघ रुपन्देहीका अध्यक्ष सुजन पुनले बताए।

स्नुकरमा हालसम्मकै सर्वाधिक पुरस्कार राशीको यो प्रतियोगितालाई बुटवल उप-महानगरपालिकाबाट मुख्य आर्थिक सहयोग भएको छ भने बुटवल उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष तथा सिंह कम्प्लेक्सका सञ्चालक महेशमान सिंहबाट ३ लाख ३ हजार र आवास ग्रुपका महेश थैवबाट एक लाख रुपैयाँ आर्थिक सहयोग भएको संघका सचिव प्रकाश क्षेत्रीले बताए। फागुन २१ गतेसम्म चल्ने प्रतियोगिता निःशुल्क हेर्न पाइने आयोजकले व्यवस्था गरेका छन्।

नेपाल विलियर्डस स्नुकर तथा पुल संघका केन्द्रीय अध्यक्ष सरोजकुमार मुल्मीले नेपालमा स्नुकर खेलको इतिहासमै बुटवलको प्रतियोगिता सर्वाधिक पुरस्कार राशिको महाकुम्भ प्रतियोगिता भएकाले यसले स्नुकर खेलको उचाई थप माथि पुऱ्याउने बताए।

प्रतियोगिता सम्पन्न गर्न कोषाध्यक्ष अमिन थापाको संयोजकत्वमा आर्थिक समिति, कुडूल श्रेष्ठको संयोजकत्वमा खेलाडी व्यवस्थापन समिति, विजय गुरुङको संयोजकत्वमा जिन्सी समिति गठन भएको छ।

सोमबार नै पाल्पाका कुडूल श्रेष्ठ र हेटौंडाका सोम लामा, बिर्तामोडका सरोज गौतम र पोखराका विकास महर्जन, बिर्तामोडकै आयुश गौतम र काठमाडौंका तेन्जिङ लामाबिच प्रतिस्पर्धा भएको छ।

# अक्सफोर्ड जिल्लास्तरीय वेभ डिजाइनको उपाधि होराइजन जीबीएसले जित्यो




बुटवल। बुटवलमा भएको अक्सफोर्ड जिल्लास्तरीय अन्तर विद्यालयस्तरीय वेभ डिजाइन एण्ड डेभलपमेन्ट कम्पिटिशनको उपाधि पिक्सेल फोर्ज समुहले जितेको छ। अक्सफोर्ड कलेज बुटवलको आइटी क्लब आफ अक्सफोर्डको आयोजनामा भएको जिल्लास्तरीय वेभ डिजाइन एण्ड डेभलपमेन्ट कम्पिटिशनमा होराईजन जीबीएस ड्राइभरटोलको पिक्सेल फोर्ज समूहले उत्कृष्ट वेभ डिजाइनको उपाधि जितेको हो। रुपन्देहीको कक्षा ११ र १२ मा अध्ययन गर्ने विभिन्न विद्यालयका २७ प्रतिस्पर्धी विद्यार्थी समूहहरुलाई उछिन्दै पिक्सेल फोर्जले वेभ डिजाइन एण्ड डेभलपमेन्ट कम्पिटिशनको उपाधिसहित नगद १० हजार, मेडल तथा प्रमाणपत्र प्राप्त पारेको हो।

कम्पिटिशनमा अक्सफोर्ड माविको लजिक विल्डर्स द्वितीय भयो भने अक्सफोर्ड माविकै कोडेक्स समूह तृतीय भएको हो। कम्पिटिशनमा द्वितीय र तृतीय भएका समूहले क्रमशः सात हजार र पाँच हजार नगदसहित मेडल तथा प्रमाणपत्र प्राप्त गरेको प्रतियोगिताका संयोजक अशोक गुरुङले जानकारी दिए।

कार्यक्रमको उद्घाटन गर्दै कलेज सञ्चालक समिति अध्यक्ष डा. अजित खनालले समयअनुसार खोज र अनुसन्धान गर्ने शैलीको पनि विकास भएकाले सूचना र प्रविधिको विकाससँगै त्यसलाई चिन्न र अध्ययन गर्न आवश्यक रहेको बताए।

कार्यक्रममा कलेज प्रमुख मनोज मरासिनीले अहिलेको युगमा विद्यार्थीको भविष्य सुचना र प्रविधिसँग जोडिएकाले नयाँ युग र समय अनुसारको सुचना प्रविधिलाई अनुसरण गर्दै जानु पर्ने बताए। कार्यक्रममा अक्सफोर्ड माविका प्राचार्य दिनेश भुसालले विगतमा कृषि र पर्यटनमा सम्भावना देखिएझैं अवको समय सुचना प्रविधिकै भएको जनाए। आइटी क्लब अफ अक्सफोर्ड कलेजका अध्यक्ष वर्षा गाहाको अध्यक्षतामा भएको कार्यक्रममा अक्सफार्ड माविका प्राध्यापक सुमन भुसाल, बीएचएम कोर्डिनेटर ओमबहादुर खत्री, विद्यार्थी प्रेरणा भुसाललगायतले विजयी विद्यार्थीलाई बधाई तथा शुभकामना दिएका थिए। कार्यक्रमको सञ्चालन विद्यार्थीद्वय आकृती सुवेदी र सम्झना थापाले गरेका थिए।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस्!
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

प्रो. मञ्जु एण्ड सन्स्
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ न्यू कुमकुम ज्वेलर्स
वि.पि. चोक, बुटवल-४, रूपन्देही
विगत १५ वर्षदेखि तपाईंको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस्।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्ष: मोहन चापागाईं, सल्लाहकार: एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालक: महेश रिजाल, सम्पादक: शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालय: बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेल: dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोन: ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com